धनकुटा नगरपालिका

# स्थानीय राजपत्र

धनकुटा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४) मिति २०८० साल माघ २७ (संख्या ९

# भाग १

## धनकुटा नगरपालिकाको

## कर्मचारी तह वृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना :**

कोशी प्रदेश सरकारबाट जारी गरिएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० मा भएको कानूनी व्यवस्था अनुसार धनकुटा नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई तह वृद्धि तथा बढुवा गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी धनकुटा नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भ :** (१) **यो कार्यविधिको नाम:** धनकुटा नगरपालिका कर्मचारी तह वृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८० हुनेछ ।

(२) **प्रारम्भ:** यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० लाई सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले धनकुटा नगरपालिका कर्मचारी तह वृद्धि तथा बढुवा सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनु पर्दछ।

(ग) "नगरपालिका" भन्नाले धनकुटा नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले धनकुटा नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले धनकुटा नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धनकुटा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "कर्मचारी" भन्नाले धनकुटा नगरपालिका अन्तर्गतको सेवाको पदमा बहाल रहेका स्थायी, अस्थायी र करारका कर्मचारी

सम्झनु पर्दछ। सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम नगरपालिकामा समायोजन भएका कर्मचारी समेतलाई सम्झनु पर्दछ ।

(ज) "तह वृद्धि" भन्नाले ऐन अनुसार गरिने तह वृद्धि सम्झनु पर्दछ ।

(झ) "बढुवा" भन्नाले ऐनको दफा ८ को उपदफा (१६) अनुसार गरिने बढुवा सम्झनु पर्दछ ।

(ञ) "सिफारिस समिति" भन्नाले ऐनको दफा २७ को उपदफा (४) अनुसार गठित समितिलाई सम्झनु पर्दछ ।

(ट) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको लोक सेवा आयोगलाई सम्झनु पर्दछ ।

(ठ) "मन्त्रालय" भन्नाले कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्दछ ।

**३. समितिको काम कर्तव्य र अधिकार** : (१) ऐनको दफा २७ को उपदफा (४) बमोजिमको सिफारिस समितिको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ ।

(क) तह वृद्धि तथा बढुवा प्रयोजनको कार्य सम्पादनको लागि कार्यतालिका निर्धारण गर्ने ।

(ख) तह वृद्धि तथा बढुवाका लागि पेश भएका कागजातहरूको अध्ययन तथा विश्लेषण गर्ने ।

(ग) न्यूनतम मापदण्ड पूरा गरेका कर्मचारीहरुको तह वृद्धि तथा बढुवाको लागि कार्यालयलाई सिफारिस गर्ने।

(घ) सिफारिस समितिलाई तह वृद्धि तथा बढुवा सम्बन्धी निर्णय लिन कुनै द्विविधा उत्पन्न भएमा सो सम्बन्धमा ऐनको दफा ३८ बमोजिमको बढुवा समितिमा अनुरोध गर्ने।

(२) समितिका पदाधिकारीले नगरपालिकामा गठित अन्य विषयगत समितिका पदाधिकारीले पाए सरहको बैठक भत्ता पाउनेछन् ।

**४. सूचना प्रकाशित गर्ने :** (१) कार्यालयले तह वृद्धि तथा बढुवाको लागि आवेदन पेश गर्न तीस दिनको म्याद राखी कार्यालयको वेबसाइटमा सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) सूचना प्रकाशित गर्दा स्थायी नियुक्ति तथा बढुवा नियुक्ति भएको पत्रको प्रतिलिपि, समायोजन वा समायोजन मिलान पत्रको प्रतिलिपि, आवश्यक न्यूनतम् शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि र सेवाकालीन तालिम लिएको भएमा तालिम प्रमाणपत्रको प्रतिलिपि पेश गर्न लगाउनु पर्नेछ ।

(३) प्रकाशित सूचनामा तोकिएको मिति भित्रमा योग्यता पुगेका सम्बन्धित कर्मचारीले सिफारिस समिति समक्ष आवश्यक कागजातसहित अनुसूची-१ बमोजिमको ढाँचामा व्यक्तिगत विवरण र अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

**५. सिफारिस :** (१) सूचनाको म्याद समाप्त भएको मितिले पन्ध्र दिन भित्रमा कार्यालयलाई तह वृद्धि तथा बढुवाको लागि सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीले तह वृद्धि तथा बढुवा हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि, शैक्षिक योग्यता, सेवाकालिन तालिमलाई आधारमानी योग्यता क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागु भएपछि एक पटकको लागि २०८० फागुन १० गतेसम्ममा सिफारिस सम्बन्धी सम्पूर्ण प्रक्रिया सम्पन्न गर्नु पर्नेछ ।

**६. आवश्यक न्यूनतम योग्यता र सेवा अवधि :** तह वृद्धि तथा बढुवाको लागि ऐन बमोजिमको आवश्यक न्यूनतम योग्यता र सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।

**७. तह वृद्धि सम्बन्धी विशेष व्यवस्था :** (१) ऐनको दफा ४ को उपदफा (५) बमोजिम स्थानीय तहको सहायक चौथो र पाँचौ तहमा तथा सातौं र नवौं तहको पदमा समान पदमा समायोजन भई सोही पदमा कार्यरत रहेका हालसम्म तह वृद्धि नभएका कर्मचारीहरू सम्बन्धित पदमा यो ऐन जारी हुँदासम्म तीन बर्ष सेवा अवधि पूरा भएमा स्वतः एक तह वृद्धि हुनेछ ।

(२) उपदफा (१) बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ।

(३) ऐनको दफा ८ को उपदफा (१६) बमोजिम साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा अधिकृत छैटौं र आठौं तहको पदमा स्थायी नियुक्ति भई स्थानीय तहको सोही तहको पदमा कामकाज गरिरहेका र निजामति सेवा बाहेकबाट समायोजन भई आएका र एक पटक पनि तह वृद्धि सुविधा नपाएका कर्मचारीलाई माथिल्लो तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा दफा २७ को उपदफा (४) बमोजिमको समितिको सिफारिसको आधारमा अख्तियारवालाले स्थानीय सरकारी सेवाको क्रमशः अधिकृत सातौं र नवौं तहमा बढुवा गरिने छ ।

(४) ऐनको दफा २७ बमोजिम स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौ तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह र नवौं तहबाट दशौं तहमा तह वृद्धि तथा बढुवा गर्दा तह वृद्धि तथा बढुवा हुने तह भन्दा एक तह मुनिको पदमा पाँच बर्ष सेवा अवधि पुरा भएको र पछिल्लो तीन आर्थिक बर्षको कार्य सम्पादन मूल्याङ्कनमा

औसत नव्वे प्रतिशत अङ्क प्राप्त गरेका कर्मचारीलाई तहसँग सम्बन्धित सेवा, समूह र उपसमूहमा तहवृद्धि गरिनेछ ।

(५) नगरपालिका बाहिर कामकाजमा खटिएका यस नगरपालिका अन्तर्गत दरबन्दी भएका कर्मचारीको पनि तह वृद्धि हुनेछ । तर अन्य स्थानीय तहमा पदाधिकार रही हालको स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा पदाधिकार रहेको कार्यालयबाट नै ऐन बमोजिम तह वृद्धि, बढुवा र तह मिलान गरिनेछ ।

**८. ज्येष्ठता कायम :** (१) ऐनको दफा ८ को उपदफा (१३) र उपदफा (१६) बमोजिम हुने बढुवाको निर्णय भएको मितिदेखि जेष्ठता कायम गरिनेछ ।

(२) ऐनको दफा ८ को उपदफा (१७) बमोजिम तह मिलान हुने छैटौं तहका कर्मचारीको ज्येष्ठता छैटौं तहमा नियुक्ति भएको मितिदेखि कायम गरिनेछ ।

(३) तह वृद्धि हुने पदको ज्येष्ठता ऐनको दफा २७ को उपदफा (३) बमोजिम माघ र साउन महिनामा हुने तह वृद्धिको निर्णय मितिलाई कायम गरिनेछ ।

**९. तह वृद्धि नहुने :** यस कार्यविधि र ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको कर्मचारी देहायको अवस्थामा बढुवा तथा तह वृद्धि रोक्का गरिनेछ।

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलव वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

(घ) असाधारण बिदा वा अध्ययन बिदामा बसेकोमा सो बिदाको अवधिभर,

**१०. तह वृद्धि तथा बढुवा पत्र :** दफा (५) बमोजिम सिफारिस भएपछि कार्यपालिकाले निर्णय गरी प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित कर्मचारीलाई अनुसूची -३ अनुसारको ढाँचामा तह वृद्धि तथा बढुवाको पत्र दिनु पर्नेछ ।

**११. तह वृद्धि तथा बढुवा भएका कर्मचारीको सेवा, सुविधाः** (१) तह वृद्धि तथा बढुवा भएका कर्मचारीले तह वृद्धि तथा बढुवा भएको पदमा हाजिर भएको मितिबाट माथिल्लो तहको तलब भत्ता प्राप्त गर्नेछ ।

(२) ऐन र कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाइपाई आएको तलव भन्दा घटी हुने भएमा खाइपाई आएको तलब भन्दा घटी नहुने गरी तलब मिलान गर्नु पर्नेछ ।

(३) तह वृद्धि भएका कर्मचारी सेवा निवृत्त हुँदा प्राप्त गर्ने सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

**१२. जानकारी दिनु पर्ने :** यस कार्यविधि बमोजिम तह वृद्धि तथा बढुवा गरिएको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोगलाई दिनु पर्नेछ ।

**१३. उजुरी/गुनासो :** तह वृद्धि तथा बढुवाको निर्णय उपर चित्त नबुझेमा तह वृद्धि तथा बढुवा निर्णयको सूचना प्रकाशन भएको मितिले एक्काइस दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

**१४. बाधा अडकाउ फुकाउने अधिकार :** कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकामा रहनेछ ।

**१५. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

धनकुटा नगरपालिका

अनुसूची -१

(कार्यविधिको दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**<u>व्यक्तिगत विवरण (उम्मेद्वारको अनुभव, असाधारण बिदा र अन्य आवश्यक विवरण) फाराम</u>**

| १. कार्य अनुभव सम्बन्धी विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यालयको नाम र पूरा ठेगाना | पद | सेवा/समूह/ उपसमूह | श्रेणी/ तह | स्थायी/अस्थायी /करार | कार्यरत अवधि | | जम्मा अवधि | | |
| | | | | | | देखि | सम्म | बर्ष | महिना | दिन |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

| २. | अध्ययन तथा असाधारण विदा सम्बन्धी विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | बिदाको अवधि | | जम्मा अवधि | | | |
| | देखि | सम्म | बर्ष | महिना | दिन | |
| | | | | | | |

| ३. | आवेदन दिने पदको लागि चाहिने न्यूनतम शैक्षिक योग्यताको विवरण उल्लेख गर्ने | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शैक्षिक संस्था | शैक्षिक उपाधि विवरण | संकाय | श्रेणी/ प्रतिशत | मूल विषय | उत्तीर्ण गरेको साल | Transcript जारी मिति | Provisional जारी मिति | Marksheet जारी मिति |
| | | | | | | | | | |

धनकुटा नगरपालिका

मैले आवेदन गरेको पदको लागि यस फाराममा खुलाइएका विवरणहरू सत्य छन् । दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । मैले पेश गरेको विवरण झुट्टा ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु, बुझाउनेछु । उम्मेद्वारले पालना गर्ने भनी प्रचलित कानून तथा विज्ञापन हुँदाका बखत तोकिएका सबै शर्त तथा नियमहरू पालना गर्न मन्जुर गर्दछु ।

<table>
<tr><td colspan="2">उम्मेद्वारको ल्याप्चे सहीछाप</td><td colspan="2" rowspan="3">उम्मेद्वारको दस्तखत :</td><td rowspan="2">उम्मेद्वारले माथि उल्लेख गरेको अनुभव सम्बन्धी विवरण ठीक छ भनी प्रमाणित गर्ने<br>दस्तखत :</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
<tr><td rowspan="4"></td><td rowspan="4"></td><td rowspan="4">नाम, थर :<br>पद, दर्जा :<br>मिति :<br>कार्यालयको छापः</td></tr>
<tr><td>नाम,थर :</td><td></td></tr>
<tr><td>मिति :</td><td></td></tr>
<tr><td>कर्मचारी संकेत नम्बर</td><td></td></tr>
</table>

धनकुटा नगरपालिका

अनुसूची -२

(कार्यविधिको दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

## तह वृद्धि/बढुवाको लागि दिइने आवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, मितिः
धनकुटा नगर कार्यपालिकाको कार्यालय
धनकुटा ।

विषय तह वृद्धि/बढुवा गरि पाउँ ।

उपरोक्त सम्बन्धमा धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० अनुसार तह वृद्धि/ बढुवाका लागि आवेदन पेश गर्न मिति मा प्रकाशित सूचना अनुसार म धनकुटा नगरपालिकामा स्थायी नियुक्ति भई/ कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम निजामति/अन्य सेवाबाट धनकुटा नगरपालिकामा तपसिल बमोजिम समायोजन भई न्यूनतम सेवा अवधि समेत पूरा गरेको हुँदा उक्त ऐनको दफा ४ को उपदफा सेवा (५) / दफा ८ को उपदफा (१६) / दफा २७ बमोजिम बमोजिम तह वृद्धि/ बढुवा गरीदिन हुन निम्नानुसार कागजात सहित यो निवेदन पेश गरेको छु ।

| नियुक्ति वा समायोजन पूर्वको विवरण | समायोजन हुँदाको विवरण |
|---|---|
| पद : | पद: |
| स्तर : | स्तर: |
| सेवा /समूह/उपसमूहः | सेवा /समूह/उपसमूहः |
| कार्यालय : | कार्यालय : |
| शुरु नियुक्ति मिति : | समायोजन भएको मिति : |

**संलग्न कागजातहरु**

१. स्थायी नियुक्ति तथा बढुवा नियुक्ति पत्रको प्रतिलिपि ।
२. समायोजन पत्रको प्रतिलिपि।
३. शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि ।

४. सेवाकालिन तालिम भए प्रमाणपत्रको प्रतिलिपि ।

५. उम्मेद्धवारको अनुभव असाधारणा बिदा र अन्य आवश्यक प्रमाणित विवरण ।

**<u>निवेदक</u>**

नामथर :

पद:

कर्मचारी सङकेत नम्बर :

सही:

धनकुटा नगरपालिका

अनुसूची -३

(कार्यविधिको दफा १० सँग सम्बन्धित)

## तह वृद्धि /बढुवा पत्रको ढाँचा

पत्र संख्या :

चलानी नं. मितिः

**विषयः तह वृद्धि /बढुवा गरिएको ।**

महाशय,

धनकुटा नगरपालिका कर्मचारी तह वृद्धि सिफारिस समितिको मिति.................... को सिफारिस धनकुटा नगर कार्यपालिका / कार्यपालिकाको कार्यालयको मिति.................... गतेको निर्णयानुसार स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा बमोजिम मिति देखि ज्येष्ठता कायम हुने गरी **स्थानीय सरकारी सेवामा** तपसिल बमोजिम तह वृद्धि/ बढुवा गरिएको छ। तह वृद्धि/ बढुवा हुनु भएकोमा हार्द्धिक बधाई तथा कार्य सफलताको कामना छ ।

तपसिल :

| **साविकको** | **तह वृद्धि तथा बढुवा गरेको** |
|---|---|
| पदः | पदः |
| सेवा /समूह/उपसमूहः | सेवा /समूह/उपसमूहः |
| स्तरः | स्तरः |
| कार्यालय : | कार्यालय : |

श्री

नगर कार्यपालिकाको कार्यालय

..............................

**बोधार्थः** ( )

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर मोरङ ।
श्री राष्ट्रिय किताबखाना (निजामति) पुल्चोक, ललितपुर ।
श्री प्रदेश लोक सेवा आयोग, विराटनगर, मोरङ ।
श्री प्रदेश किताबखाना, विराटनगर, मोरङ ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, धनकुटा ।
श्री कर्मचारी सञ्चयकोष, धनकुटा ।
श्री आर्थिक प्रशासन शाखा, धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटा।

**आज्ञाले**
**दशरथ राई**
**प्रमुख प्रशासकीय अधिकृत**

धनकुटा नगरपालिका